प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र तहको पुर्ण शुल्कीय तर्फ पूनः प्रवेश परीक्षा सम्वन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८१।०६।२२ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयको मिति २०८१।०३।१५ गते प्रकाशित सूचना अनुसारका डिप्लोमा/प्रमाणपत्र तहको **सामान्य चिकित्सा र फार्मेसी कार्यक्रमहरुमा** पुर्ण शुल्कीय तर्फका स्वीकृत कोटाहरुमा परीक्षार्थीहरु अपुग भएको खण्डमा न्यूनतम शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुबाट गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी **पूनः प्रवेश परीक्षा**का लागि सम्वन्धित शिक्षण संस्थाले आवेदन फाराम माग गर्नु पर्नेछ ।

प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशनका लागि भर्ना सम्वन्धी निर्देशिका, २०८१ ले व्यवस्था गरे बमोजिमको शिक्षण संस्थामा गठित उप समितिमा परिषद्, प्रदेश कार्यालयबाट खटिएका अधिकृत कर्मचारी सहितको टोलीले पूनः प्रवेश परीक्षा मिति २०८१।०७।१० गते सम्वन्धित शिक्षण संस्थामा संचालन गरी नतिजा प्रकाशन गर्नुपर्नेछ ।

साथै रजिष्ट्रेशनको हकमा डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१ बमोजिम र मिति २०८१।०६।०७ गते प्रकाशित सूचनाका सम्पूर्ण शर्तहरु शिक्षण संस्थाले पालना गर्नुपर्नेछ। आवेदकहरुले प्रवेश परीक्षाको आवेदन फाराम सम्वन्धित शिक्षण संस्था वा सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा समेत बुझाउन सक्नेछन ।

**कार्यक्रम :**

- आवेदकले शिक्षण संस्थामा फाराम भर्ने अन्तिम मिति : २०८१।०७।०८ गते दिनको ४:०० बजेसम्म
- शिक्षण संस्थाले ITMS Online मा Entry गर्ने अन्तिम मिति :२०८१।०७।०८ गते राती ११:५९ बजे सम्म
- शिक्षण संस्थाले आवेदन फारामको शुल्क दाखिला गर्ने अन्तिम मिति :२०८१।०७।०९ गते
- पूनः प्रवेश परीक्षा संचालन हुने मिति २०८१।०७।१० गते शनिवार बिहान ८:०० बजे सम्वन्धित शिक्षण संस्थामा

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**